धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# संयुक्त प्रेस विज्ञप्ति

धनगढी उप-महानगरपालिका नगरवासीहरुको संरक्षक, सेवाप्रदायक, सहजकर्ता एवं अभिभावक हो । यस संस्था स्थित जनप्रतिनिधि पदाधिकारी र धनगढी उप- महानगरपालिका को कार्यालयमा दैनिक कार्य संचालन र सम्पादन लाई लिएर स्थानीय केही अनलाइन पत्रिका र एफ एम रेडियो बाट निराधार, असत्य र कपोल कल्पित गलत सूचना संप्रेषण भएको सुनिन आएकोले यस नगरपालिका को गम्भिर ध्यानाकर्षण भएको व्यहोरा सादर जानकारी गराएका छौँ।

नगरपालिका को कार्यालयबाट कोभिड-१९ रोग नियन्त्रण सम्बन्धि औषधी र औषधी जन्य सामाग्री उपकरण लिन काठमाण्डौ जाँदा सवारी साधनमा बढी रकम भाडामा लिई प्रशासनिक खर्च बढाइयो भन्ने निराधार समाचार भएको व्यहोरा स- प्रमाण सिद्ध गर्दछौ । कोभिड-१९ नियन्त्रण, रोकथाम, पूर्व तयारी र व्यवस्थापनको लागी अति आवश्यक पर्ने औषधी र औषधी जन्य उपकरण, भिटामिन सि, ज्वोरो मापन यन्त्र (थर्मोगन), पि.पि. ई. सेट, सेनीटाइजर, सोडियम हाइपोक्लोराइड, १२,००० (बाह्र हजार) वटा सर्जिकल माक्स, लगायत नगरपालिकालाई अन्य संघ संस्थाले उपलब्ध गराइएको स्वास्थ्य र सरसफाई जन्य सामाग्री काठमाण्डौ र चितवन देखी धनगढी सम्म ल्याई पुऱ्याउन पिकअप सहित को 'फोर ह्वइलर' (Four Wheeler) मजवुद सवारी साधन आवश्यक पर्ने र कार्यालयमा उल्लिखित मापदण्डको 'फोर ह्वइलर' (Four Wheeler) मजवुद पिकअप सवारी साधन उपलब्ध नभएकोले तीन वटा उल्लिखित मापदण्डको सवारी साधन मध्ये न्युनतम दररेटको 'फोर ह्वइलर' (Four Wheeler) १२१६ च. ३२४ नं. को स्कोरपियो पिकअप सवारी साधन मिति २०७६/१२/२९ गते विहान ७:०० बजे देखी ०७७/०१/०२ गते २:०० बजे सम्म दैनिक रु. ३७५०।- (अक्षरुपी तिन हजार सात सय पचास) का दरले सम्पूर्ण कर सहित जम्मा चार दिनको रु. १५०००।- (अक्षरुपी पन्ध्र हजार) मा भाडा सम्झौता गरी प्रयोग गरिएको हो । वर्तमान विषम परिस्थितीमा अत्यावश्यक औषधी र औषधी जन्य सामाग्री (कोभिड- १९ संग सम्बन्धित) खरिद गरी काठमाण्डौ देखी चितवन हुँदै धनगढी सम्म चार दिन सम्म ढुवानी गरी ल्याउन को लागी मात्र रु. १५०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) को ढुवानी भाडा कुनै फजुल र अनावश्यक मंहगो खर्च नभएको व्यहोरा आम नगर वासी प्रति सादर निवेदन गर्दछौ ।

साथै असल नियतले, यस विषम परिस्थितीमा समेत नगरपालिका मार्फत नेपाल सरकारले तोकेको मापदण्ड २०७६, नगर-कार्यपालिका बाट पारित गराइ नगर भित्रका ज्यालादारी गरी खाने मजदुर, किसान, असहाय र अति विपन्न वर्गलाई राहत वितरण गर्दा समेत कपोल कल्पित र आधारहिन सामाचार केहि स्थानिय संचार माध्यमहरुबाट प्रसारण गरिएकोले हामीलाई दु:ख लागेको छ । यस विषम परिस्थितीमा समेत सम्पूर्ण कार्यालय प्रशासन, वडा कार्यालयहरुले नियमित रुपमा सेवा प्रवाह गरी रहेको अवस्थामा जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारी हरुलाई कपोलकल्पित आरोपहरु लगाउनु अक्षम्य अपराध हो । यस किसिमका अनर्गल, कपोलकल्पित, निराधार समाचार सम्प्रेषणको उल्लिखित तथ्य र प्रमाणका आधारमा खण्डन गर्दछौ ।

हामी संपूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरु नगर वासीहरुको सेवा, सुविधाको लागी खट्ने/ खटिने प्रतिवद्धता ब्यक्त गर्दछौं । तसर्थ : यस विषम परिस्थितीमा समेत नगर वासीको लागी खटिने र खट्ने कार्यालय प्रमुख लगायत कर्मचारीहरु र जनप्रतिनिधिहरुको मनोबल उच्च पार्न नगरपालिकाले यस विषम परिस्थितीमा समेत जोखिम लिएर निस्वार्थ भावले गरेको नागरिक प्रतिको सेवा र सेवा प्रवाहको उच्च मूल्याङ्कन गरी सम्पूर्ण संचारकर्मी मित्रहरुलाई सूचना संप्रेषण गरिदिनु हुन समेत सम्पूर्ण संचारकर्मी मित्रहरुलाई हार्दिक आह्वान गर्दछौं ।

**यस विषम परिस्थितीमा समेत उप- महानगरले गरेका उल्लेखनिय कार्यहरु :**

१. विषम परिस्थितीमा समेत नगरपालिका को नियमित रुपमा कार्यपालिका वैठक बसी राखेको ।
२. नेपाल सरकारले जारी गरी प्रेषित गरेको नमुना राहत वितरण मापदण्ड - २०७६, अनुसार नगर कार्यपालिकाले राहत वितरण मापदण्ड २०७६ पारित गरी सो अनुसार राहत वितरणको कार्य भै रहेको ।
३. नेपाल भरका ७५३ स्थानीय सरकार मध्ये धनगढी उप- महानगरपालिकाले मात्र राहत वितरण गर्दा मालसामान (चल सामान) खाद्य सामाग्री (चामल, तोरीको तेल, दाल, नुन) को अधिकतम मुल्य को बजार दररेट तोकी सोका आधारमा प्रतिस्पर्धा गराइ मालसामान खरिद गरी तोकिएको मापदण्ड-२०७६, अनुसार राहत वितरण कार्यलाई व्यवस्थित गरेको ।

..........................
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

..........................
नृप वहादुर वड
नगर प्रमुख

इति संवत २०७७ साल वैशाख २ गते वेलुका ३:०० बजे रोज ३ शुभम् ——————————